# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भाद्र ६ गते २०२९ साल


### श्री ५ को सरकार
### जल तथा विद्युत मन्त्रालयको
### सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले विद्युत विभाग अन्तर्गत सुदूर पश्चिमाञ्चल विद्युतीकरण आयोजनाको सबस्टेशन कार्यालय भवन स्टोर आदि निर्माण गर्ने कामको निमित्त लुम्बिनी अञ्चल कपिलबस्तु जिल्ला आदर्श गाउँ पञ्चायत कृष्णनगर वडा नं. ६ अन्तर्गत लोखडिया डांडीको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व वुढुवा खोला, पश्चिम मुल बाटो, उत्तर बाटो, दक्षिण आँपको बगैंचा यति ४ किल्लाभित्रको कि. नं. ६७,६८,६९,७२,७३,७४,७५,८०,८१,८२, र ८५ को जम्मा विगहा १–१३–१९–¾– (एक विगहा तेह्र कट्ठा पौने बीस धुर) को मालपोत रू. ८६।७० (छयासी रूपैयाँ सत्तरी पैसा) लागेको कित्ता एक – – – – – १

आज्ञाले–
कृष्णराज भण्डारी
श्री ५ को सरकारको सचिव

266



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।